गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

"समृद्ध नगर, खुशी नगरबासी"

# गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शुभाघाट, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल

प.सं.: २०७७।०७८

**प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना ।**
(प्रथम पटक प्रकाशित मिति: २०७७।०४।१९)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ( प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.सं. २०७७।०७८, च.नं./PMEP/२३ मिति २०७७।०४।१२ को पत्रानुसार यस नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७७-०७८ | प्राविधिक सहायक (सव इन्जिनियर) | सहायकस्तर पाँचौ | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव:**
क) सिभिल इन्जिनियरिङमा विषयमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।
ख) अनुभव र सीप: प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ ।

- कम्तीमा ३ महिने आधारभूत कम्प्युटर तालिम लिएको ।
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धि सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग) उमेर: १८ वर्ष पुरा भई ४५ बर्ष ननाघेको ।
**२. दरखास्त दिने स्थान:** गुर्भाकोट नगर कार्यपालिकाको कार्यालय, शुभाघाट, सुर्खेत ।
**३. दरखास्त दिने अन्तिम मिति:** २०७७।०५।०१ गते कार्यालय समय भित्र । सो दिन सार्वजनिक विदा भए भोलिपल्ट कार्यालय समयमा दरखास्त दिन सकिनेछ ।
**४. दरखास्त दस्तुर:** रु. ५०० (पाँच सय मात्र) ।
**५. छनौटको किसिम:** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा ।
**६. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु:** दरखास्त स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- कम्प्युटर तालिम सम्बन्धि प्रमाण पत्र
- २ प्रति पासपोर्ट साइजको फोटो

**७. सेवा सुविधा:** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।
**८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण:** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रिया को दफा (९) बमोजिम हुनेछ ।
**नोट:** दरखास्तको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ । साथै दरखास्तको ढाँचा, गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्बन्धि प्रक्रिया, प्राविधिक सहायकको पाठ्यक्रम नगरपालिकाको वेभसाइट www.gurbhakotmun.gov.np मा उपलब्ध छ ।
परीक्षा सम्बन्धि थप जानकारीको लागि सम्पर्क नं. ९८४८२७८२३७, ९८५८०७८२३७

५।१९

मेघराज ...
प्रशासकीय अधिकृत